# आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को पहिलो र दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## २०८२ चैत्र १५






**तयार गर्ने**

**विवेक राई**

**प्रवन्धक**

**छुपलायु मेडिया कम्पनी, भोजपुर**

प्रमुख प्रशासकीय अधिकृत

**१. पृष्ठमुमि :**

आमचोक गाउँपालिका नेपालको कोशी प्रदेश अन्तर्गत पर्ने यो मध्यपहाडी भेगको एक दुर्गम जिल्ला भोजपुर अन्तर्गत पर्ने गाउँपालिका हो । यो गाउँपालिकाको पूर्बमा भोजपुर जिल्लाको हतुवागढी गाउँपालिका र पश्चिममा खोटाङ जिल्लाको जन्तेढुङ्गा गाउँपालिका र खोटेहाङ गाउँपालिका रहेको छ भने उत्तरमा भोजपुर जिल्लाको रामप्रसादराई गाउँपालिका र दक्षिणमा उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका र उदयपुरको वेलका नगरपालिका पर्दछ । यस गाउँपालिकाको जम्मा क्षेत्रफल १८४.१७ वर्ग कि.मि. रहेकोछ । यस गाउँपालिका अन्तर्गत १० वटा वडाहरु रहेको छ भने १८७ वटा टोल/वस्ती रहेको छ । आमचोक गाउँपालिकाको पार्श्वचित्र अनुसार यस गाउँपालिकाको जम्मा घरधुर ३५७७ रहेको छ भने जम्मा २०३८० जनसंख्या रहेको छ ।

गाउँपालिकाको पार्शचित्र अनुसार आमचोक गाउंपालिकाको जनसंख्या विवरण

| हालको वडा नं. | साविक गा.वि.स | जम्मा घरधुरी | जनसंख्या |
|---|---|---|---|
| १ | वासिङ्थर्पु | ३३९ | १८४३ |
| २ | यूँ | ३८१ | २१४१ |
| ३ | थिदिंखा | ४२६ | २२८० |
| ४ | वालंखा | ३५४ | १७५९ |
| ५ | पावला | २३७ | १३७८ |
| ६ | देवानटार १, ६, ७, ८ र ९ | ३१० | १७८५ |
| ७ | देवानटार २, ३, ४, र ५ | २३७ | १५१६ |
| ८ | दुम्माना ७, ८ र ९ | ३३३ | २२३९ |
| ९ | दुम्माना १, २, ३, ४, ५ र ६ | ५२६ | २९६७ |
| १० | पाङ्चा | ४३४ | २४७२ |
| | **जम्मा** | **३५७७** | **२०३८०** |

नेपालको संविधान २०७२ अनुसार जननिर्वाचित प्रतिनिधिहरुले तिनै तहका सरकार सञ्चालन गरीरहेकाछन् । जस अत्रतगत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास, पर्यटन विकास लगायतका स्थनिय सरकार मातहत रहेकाछन् । विषयगत इकाइहरु रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंक समानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकको संलग्लनता बढाउनतर्फ स्थानीय सरकार लागिहरु लगि रहेकाछन् । स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीयस्तर बाटनै शुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लगु गर्दै आएको छ । तिनै ऐन, नीति,नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेकाछन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, जनसहभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने गरीएकोछ । जनताको आवाज तथा जनगुनासोहरुका ेप्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ । आमचोक गाउपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पुर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभुति दिने र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तीनै व्यवस्थाहरु मध्ये आर्थिक वर्षको अन्त्य सम्मको अवधिमा सञ्चालन गरिएका योजना आयोजना तथा सम्पादन गरेका समग्र कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम ... भएको छ. नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागितामुलक र सुशासन लगायतका कुरामा प्रतिवद्धता रहेको

तथा कार्ययोजना २०७४, स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, सुशासन ऐन २०६४, संरचनाको हक ऐन २०६४, क्षतिपुर्ति सहितको नागरिक वडापत्र २०६९ लगायतले सुशासन प्रवद्र्धनका लागि जोड दिएको छ. । स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवद्र्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवाप्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेकोछ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन, नीति, नियम,कार्यविधि तथा निर्देशिकाहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ । आमचोक गाउँपालिकाको कार्यालय र १० वटा वडाहरुबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, समाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न स्थानीय निकाय सार्वजनिक सुनवाई कार्यविधि, २०६७ अनुसार वर्षको कम्तिमा तीनपटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तीनै व्यवस्थाहरु मध्ये वर्षभरिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ । यस सार्वजनिक सुनवाई कार्यक्रमको सहजिकरण तथा सहकार्य छुप्लायु मिडिया प्रालि भोजपुरको प्रवन्धक संचारकर्मी श्री विवेक राईलाई जिम्मेवारी दिएको सन्दर्भमा सो संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

### ३. सार्वजनिक सुनुवाईको औचित्य

आमचोक गाउपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि २०६७ मा व्यवस्था भए अनुसार ०८२/०८३ आर्थिक वर्षको विनियोजित बजेट तथा कार्यक्रमहरु बाट सञ्चालन र सम्पादन गरेको पहिलो र दोश्रो चौमासिकको कामहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने कुरा उल्लेख भएको छ । आमचोक गापालिकाको यस आर्थिक अवधिमा सञ्चालन भएका विकास निर्माणका कार्यहरु तथा स्थानीयको लागि पुर्‍याएको सेवा सुविधाहरुको बारेमा सेवाग्राहीको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामि दिनहरुमा सुधार गर्नका लागिचाल्नुपर्ने कदमहरुको बारेमा जानकारी लिन सार्वजनिक सुनुवाई कार्यले सघाउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुर्‍याउने छ । यसको साथै हालको वर्षयता सथानीय तहहरुको कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धति गरेको स्थानीय तहको सार्वजनिक सुनुवाई कार्यलाई सुचनाको हक दिलाउने एउटा महत्वपुर्ण औजारको रुपमा राखिएकोले पनि सार्वजनिक सुनुवाईको महत्व र अपरिहार्यता प्रष्ट पार्दछ ।

### ३.सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य :

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालु आर्थिक वर्ष ०८२/०८३ को पहिलो र दोश्रो चौमासिकमा गाउँपालिका बाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा जनताको बुझाई तथा प्रतिक्रिया लिने जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो । यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन् ।

१. गाउँपालिका को सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तर दायित्व कायम गर्न ।

अ. सेवा प्रवाह एवम विकास निर्माणबारे सरोकार वालाहरुको धारणा, जिज्ञासा, तथा सुझावलाई सम्बोधन गर्न ।

[illegible] सेवा, सुविधा तथा वस्तुका बारेमा सेवाग्राही नागरिक बाट पृष्ठपोषण लिने ।

इ. स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो संम्बाद स्थापित गर्न ।

ई.विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्धारा सेवा प्रवाहलाई गुणस्तरीय बनाउन ।

उ. सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउन ।

ऊ. नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार सहितको सरकार सञ्चालन गर्न ।

## ४.सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण

सार्वजनिक सुनुवाइ कार्यक्रम तपशिल वमोजिमको मिति, स्थान,समय र सहभागीतामा सञ्चालन गरिएको थियो ।

| क्र.सं. | वडा | मिति | स्थान | सहभागी संख्या | समय |
|---|---|---|---|---|---|
| ११ | गाउँपालिका स्तरीय | २०८२ चैत्र ९ गते | नया सामुदायिक भवन | १०० | दिनको २:०० वजे |
| | **जम्मा** | | | | |

माथि उल्लेखित कार्यतालिका वमोजिम सञ्चालित सार्वजनिक सुनुवाइ कार्यक्रमको जवाफदेहि व्यक्तिहरु तपशिल वमोजिम रहेको थियो ।

**गाउँपालिका स्तरीय**

१ संचालन( सहजकर्ता) विवेक राई

२ अध्यक्षता आसन ग्रहण : गाउपालिकाको अध्यक्ष श्री अशोक राई

**<u>जवाफदेहि व्यक्तिहरु :</u>**

१.गाउँपालिकाको अध्यक्ष श्री अशोक राई

२.उपाध्यक्ष श्री सीता राई

३.प्रमुख प्रशासकीय अधिकृत श्री धन कुमार राई

४.जनसेवा अस्पताल प्रमुख डा.रोषण झा

५. स्वास्थ्य शाखा प्रमुख श्री महिनारायण चौधरी

६.प्राविधिक शाखा प्रमुख इन्जिनियर विपन सुवेदी

७.रोजगार संयोजक श्री दिपक कार्की

८. सूचना प्रविधि अधिकृत श्री गिरीराज पौडेल

९.कृषि शाखा प्रमुख श्री लोकचन्द्र राई

१०.लेखा शाखा प्रमुख श्री विनोद खत्री

११.शिक्षा शाखा प्रमुख श्री ज्ञान वहादुर राउत

१२.जिन्सी शाखा प्रमुख श्री जनक वहादुर राई

१३.प्रशासन शाखा प्रमुख श्री राजेश राई

१४.योजना शाखा प्रमुख श्री मिनराज विष्ट

१५.महिला तथा वालवालिका शाखा प्रमुख श्री मुना राई

१६. एमआइएस शाखा प्रमुख श्री महेश राई

१७. राजश्व शाखा प्रमुख श्री केशर श्रेष्ठ

१८. उर्जा शाखा प्रमुख श्री दिकपाल राई

१९. उद्यम विकास शाखा प्रमुख श्री सविता विष्ट

प्रमुख प्रशासकीय अधिकृत

**सहभागीहरुको जिज्ञासा/प्रश्नहरु सम्वन्धित वडा/कार्यालय वा संघसंस्थालाई आएमा**

१.वडाध्यक्षहरु

२. कार्यापालिका सदस्यहरु

३.वडा सदस्यहरु

४.सम्वन्धित कार्यालय वा संघसंस्थाका प्रमुखहरु

५.वडा सचिव वा अन्य कर्मचारीहरु

६.वडा प्राविधिकहरु

**४.सार्वजनिक सुनुवाई कार्यक्रममा छलफल गरिएका विषयंवस्तु**

सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन तपशिल वमोजिम सञ्चालन गरिएको थियो ।

५.१ संचालन( सहजकर्ता) विवेक राई प्रवन्धक छुपलायु मेडिया कम्पनी
५.२ अध्यक्षता आसन ग्रहण : वडा स्तरमा वडा अध्यक्षहरु र गाउँपालिकामा गाउँपालिका अध्यक्ष

५.३ जवाफदेहि व्यक्तिहरुको छनौट

५.४ किन सार्वजनिक सुनुवाइ: (सहजकर्ता) विवेक राई

५.५ आचार संहिता : (सहजकर्ता) विवेक राई

५.६ आर्थिक वर्ष २०८१/८२ को प्रगती सारांस प्रमुख प्रशासकीय अधिकृत श्री धन कुमार राई (गाउपालिकाको तर्फवाट राखिएको प्रगती प्रतिवेदनको सारॉस अनुसूचि १ मा राखिएको छ ।) वडा स्तरमा वडा सचिव/ वडा अध्यक्षहरुले प्रगती प्रस्तुत गर्नु भएको ।

५.७ प्रश्न/जिज्ञासा/सुझावहरु संकलन : एक पटकमा वढीमा ३ जनाको

५.८ जवाफदेहि व्यक्तिहरु मध्ये कोसंग सम्वन्धीत हो सवाल जवाफ

५.९ पुन प्रश्न/जिज्ञासा/सुझावहरु संकलन : एक पटकमा वढीमा ३ जनाको

५.१० जवाफदेहि व्यक्तिहरु मध्ये कोसंग सम्वन्धीत हो सवाल जवाफ

५.११ सहजकर्ताद्वारा धन्यवाद ज्ञापन र अध्यक्षद्वारा समापन

५.१२ खाजा नास्ता

**५.सार्वजनिक सुनुवाई कार्यक्रममा छलफल गरिएका प्रतिवेदन**

५.१ सार्वजनिक सुनुवाइ कार्यक्रममा तपशिल वमोजिम उठेका प्रश्न/जिज्ञासा र उत्तरहरु रहेको थियो ।

| पालिका | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको संख्या | सहभागीको प्रश्न/ गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| आमचोक | २२ | गुनासो ११<br>सुझाव ११ | अध्यक्ष श्री अशोक राई<br>उपाध्यक्ष श्री सिता राई<br>प्रप्रअ श्री धनकुमार राई<br>लेखा अधिकृत श्री विनोद खत्री<br>इन्जिनियर श्री विपन सुवेदी<br>शिक्षा अधिकृत श्री ज्ञान वहादुर राउत<br>जनस्वास्थ्य निरिक्षक श्री महिनारायण चौधरी<br>वडा नं ८ को वडाध्यक्ष श्री सन्तोष राई<br>असहि श्री इन्द्रदेव यादव | ५.२ मा राखिएको छ |

प्रमुख प्रशासकीय अधिकृत

### ५.२ समग्रमा सोधिकएका प्रश्नहरु

१. प्रकोप आयो त्यो संग तड्ने पालिकको तयारी के छ ?

२. विद्युतको कारण एसइइ परिक्षा दिने विद्यार्थीहरुलाई असर पुग्ने देखिन्छ । पालिकाको योजना के छ ?

३. बालंखाको एसइइ केन्द्रमा किन विवाद भइरहेको छ ?

४. सडक दुर्घटना र भौगोलिक दुर्गमतालाई मध्य नजर गर्दै सडक योजनामा नाली होम्स किन नवनाइएको ?

५. एम्वुलेन्स चालकको मोवाइल स्वीच अफ हुन्छ । पालिकाले किन व्याकअप खरीद गरि नदिएको हो सडक दुर्घटना र भौगोलिक दुर्गमतालाई मध्य नजर गर्दै सडक योजनामा नाली होम्स किन नवनाइएको ?

६. समयमा नै किन वाटोहरुको मर्मत भनएको हो ?

७. ठेक्का गरिएको कार्यहरु समयमा नै किन सम्पन्न नभएको हो ?

८. वडा नं ८ को कृषकहरुलाई किन हाते ट्रयाक्टर नदिइएको हो ?

९. आमचोक गाउँपालिका किन पर्यटनको क्षेत्रमा पछि परेको हो ?

१०. कार्यलयको कर्मचारीहरुले विदाको दिनपनि किन सवारी साधनको प्रयोग गरिरहेको ?

११. गाउँघरमा सामाजिक विकृति भइरहदा पनि किन सुरक्षा निकायले किन नियन्त्रण गर्दैन ?

१२. औषधीहरु स्वास्थ्य चौकीहरुमा अपुग छ किन नेपाल सरकारको मापदण्ड वमोजिम पुग्दैन ?

१३. शैक्षिक गुणस्तरमा वडा भित्रका विद्यालयहरू पछाडि छन्, के कुराको अभावले हाम्रा केटा–केटीहरूले गुणस्तरीय शिक्षा पाएका छैनन् ?"

१४. कृषि कार्यक्रम अन्तर्गतको अनुदान दिइन्छ तर के प्रतिफल भएको हो किन अनुगमन गरिदैन ?

१५. कृषि उपजहरु उत्पादन हुन शुरु भयो । वजार व्यावस्थापनको लागि के हुँदैछ ?

१६. रासायनिक मलको ढुवानी मापदण्ड विपरित छ र समयमा किन किसानकोमा पुग्दैन ?

### ५.३ जवाफको छोटकरी व्होरा

१. प्रकोप संग लड्नको लागी विपद व्यवस्थापन सामग्रीहरु खरीद प्रकृया अगाडी वढेको छ । जनताहरुलाई सचेत हुन आग्रह गरिएको छ ।

२. विद्युतको लागि जिल्ला विद्युत कार्यालय संग समन्वय भइरहेको छ । अवको दुइदिनमा विद्युत वल्ने कुरा सुनिश्चत भएको छ ।

३. केहि विद्यालयहरुवाट एसइइ केन्द्र वयाङमा सार्ने प्रस्ताव आएको हो । तर यस बालंखा केन्द्रलाई नै व्यवस्थित वनाइ यहि परिक्षा सञ्चालन हुने निश्चत भइसकेको छ ।

४. सडक दुर्घटना र भौगोलिक दुर्गमतालाई मध्य नजर गर्दै अति आवश्यक सडक योजनामा नाली होम्सहरु वनाइएकै छ । तर सवै ठाउँमा वनाइएको छैन । आउँदौ योजनाहरु सञ्चालन हुँदा यस कुरालाई ध्यान दिइनेछ ।

५. एम्वुलेन्स चालकको मोवाइल स्वीच अफ विद्यतको कारणले गर्दा भएको हो । व्याकअपको व्यवस्था भइ सकेको छ । दुर्घटना र भौगोलिक दुर्गमतालाई मध्य नजर गर्दै सडक योजनामा नाली होम्स किन नवनाइएको ?

६. गाउँपालिकाको व्याक्होलोडर सिमित वडामा नभइ सवै वडाहरुमा नै काम गरिरहेको छ । तर धेरै विग्रीरहने भएकोले भने जति काम गर्न सकिएको छैन । स्काभेटर खरीदको टेण्डर भएको छ । खरीद भए पछि वाकी सडकहरुको मर्मत दुर्त गतिमा गरिनेछ ।

७. ठेक्का मार्फत गरेका धेरै कामहरु समयमानै सम्पन्न भएको छ । केहि ठेक्काको कामहरु गाउँपालिकाले श्रोतको अभावको कारण समयमा नै रकम भुक्तानी दिन नसकेको कारण ढिलाई भएको छ । तर कामहरु ढिलै भए पनि सम्पन्न हुनेनै छ ।

८. अरु वडाहरुले जस्तो आमचोक वडा नं ८ को किसानहरुले हाते ट्रयाक्टर माग गरेको छैन । मा ग भएमा वितरण गरिनै नै छ । तर समग्रमा अन्य वडाहरु भन्दा कृषि कार्यक्रमहरु वडा नं ८ मा नै सञ्चालन भएको छ ।

९. आमचोक गाउँपालिकामा पर्यटन गुरुयोजना वनेको छ । सोहि वमोजिम कार्यहरु भइरहेको छ । विशेष गरी वडा नं १ र २ मा पर्यटन पूर्वाधारका कामहरु भएको छ । वडा नं १० मा सिद्धथान पर्यटन पूर्वाधारको राम्रो कार्य भएको छ । मुन्दुम ट्रेलको कार्य धमाधम भइरहेको छ । पाँडुले पोखरी निर्माण भइरकेको छ । अन्य स्थानहरुमा पनि थूप्रै कार्यहरु भइरहेको छ । विशेष गरी वडा नै ९ मा मगर संस्कृति संग सम्वन्धीत होम स्टेको निर्माण,वडा नं १ मा शेर्षा संस्कृति संग सम्वन्धीत होम स्टे निर्माण र वडा नं ३ र ५ मा किराँत संस्कृति संग सम्वन्धित होम स्टे निर्माण गर्ने तयारी भइरहेको छ ।

१०. कार्यलयको कर्मचारीहरुले विदाको दिन कार्यलयको कामको सिलसिलामा मात्र यातायाताको साधनहरु प्रयोग गर्ने गरेको छ । मासिक कार्यपालिकाको निर्णय अनुसार मात्र तेल उपलव्ध हुने भएकोले तेलको अनाआवश्यक खर्च पनि हुने गरेको छैन ।

११. पहिलाको तुलनामा अहिले गाउघरमा सामाजिक विकृतिहरु एकदम कम हुँदै गएको छ । प्रहरी प्रशासनले थाहा पाए अनुसार त्यस्ता विकृतिहरु नियन्त्रण गर्नको लाग प्रहरी तयारी छ र गर्दै पनि गरेको छ ।

१२. पहिलो चौमासिकमा चाँहि औषधी समयमा खरीद गर्न नसकिएको कारण भने जति औषधी स्वास्थ्य चौकिहरुमा नपुगेको हो । तर दोश्रो चौमासिकमा खरीद गरे पछि सवै स्वास्थ्य चौकीहरुमा नेपाल सरकारको मापदण्ड वमोजिमको औषधीहरु उपलव्ध हुँदै आएको छ ।

१३. शैक्षिक गुणस्तरमा वडा भित्रका विद्यालयहरू मात्र पछाडि नभइ सिंगो गाउँपालिका नै पछाडी रहेको छ । पालिका स्तरमा शिक्षा समिति मार्फत गाउँ शिक्षा ऐनलाई कार्यन्वयनमा ल्याइ गुणस्तरीय शिक्षाको लागि पहल भइरहेको छ ।

१४. कृषि शाखाद्वारा भएको कामको अनुगमन भएकै छ । उपलव्धी कति भएको छ भन्ने चाहि मापन नभएको हो । पहिलाको तुलनामा कृषिमा आमचोक गाउँपालिकाले निकै फड्को मारिरकेको छ । आमचोक गाउँपालिका किवि मा निकै अगाडी छ । आलु उत्पादन प्रशस्त भइरहेको छ । टमटरमा आत्मा निर्भर वनेको छ । एभोकाडो वाहिर जिल्ला तिर विक्रि वितरण भइरहेको छ । उखुवाट सखर उत्पादन भइ अन्य स्थानतिर विक्री वितरण भइरहेको छ ।

१५. कृषि संकलन केन्द्र मार्फत कृषि उपजहरु संकलन गर्ने र वजारीकरणमा गाउँपालिकाले पहल कदमी लिने कामको शुरुवात भइरकेको छ ।

१६. रासायनिक मलको ढुवानीको लागि सरकारको अनुदान कम छ । कृषकको घरघरमा पुर्याउन सक्ने सम्भावना कम छ । तर पनि आमचोक कृषि सहकारी संस्था मार्फत ढुवानी कार्य भइ सकेसम्म वडा वडामा पुर्याउने कार्य भइरहेकै छ ।

**५.४ समग्रमा दिइएका सुझावहरु**

१. गाउँपालिकावाट उपभोक्ता समितिलाई वडावडामा तालिम र वडा वडामा योजनाहरुको सम्झौता हुनु योजना सञ्चालनको लागि धैरै राम्रो कार्य हो । यसलाई निरन्तर दिनु पर्दछ ।

२. वडा वडामा नागरिक वडापत्र राखिएको भएता पनि गाउँपालिकामा किन नराखिएको हो यस आर्थिक वर्षदेखि नागरिक वडापत्र गाउँपालिकामा पनि अनिवार्य राख्नु पर्दछ ।

३. आमचोक गाउँपालिकामा वालमैत्री कार्यक्रम सञ्चालन राम्रो छ । अझै सवै वडाहरुमा द्रुत गतिमा कार्यक्रम सञ्चालन गरि सन २०३० भन्दा अगाडी नै वालमैत्री घोषणा गर्दा राम्रो हुन्छ ।

४. आमचोक गाउँपालिकाद्वारा सञ्चालन भइरहेको घारे सामुदायिक कृषि फर्म असाध्यै राम्रो छ । यस्तो फर्महरु अन्य स्थानमा पनि सञ्चालन गरियोस ।

५. आमचोक गाउँपलिकाद्वारा सञ्चालन भइरहेको व्याकहोलोडरले राम्रै काम गरिरहेको छ । तर सवै वडामा पुगिरहेको छैन । चाडोभन्दा चाँडो यस आर्थिक वर्ष २०८२/८३ मा स्काभेटर मेसिन खरीद गरि सडकको काम चाहि त्यहि मेसिनले गर्नु पाए हुन्थ्यो ।

६. पाँडुले पोखरी र शहिद पार्क राम्रो छ । अझै व्यवस्थित वनाउनु पाए अझ राम्रो हुने थियो ।

७. रानीटारको पुल वन्लाकी जस्तो छ । अझै चाँडो वनाउनुको लागि गाउँपालिकको अध्यक्ष र उपाध्यक्षले लविङ गर्नु पर्यो ।

८. दिर्घ रोगिको लागि गाउँपालिकाले रु एकलाख दिने व्यवस्था छ । तर यस वर्ष सवै जनालाई रकम पुगेन । रकम पुग्ने गरि गाउँसभावाट राख्नु पर्यो ।

९. आमचोक गाउँपालिकामा आत्माहत्य निकै धेरै भइरहेको छ । आत्माहत्या गरेकाको परिवारहरुलाई गाउपालिकाले आर्थिक सहायता दिदै आएको छ । प्रोत्साहन भएन र यो । यसलाई निषेध गर्नु पाए कसो हुन्छ ।
१०. सामाजिक सुरक्षा भत्ता वडावडामा वितरण धेरै राम्रो छ । तर चौथो त्रैमासिकको चाँहि वैंकमानै आउनु पर्छ । यो पनि वडामा नै वितरण गर्न सके झनै राम्रो हुन्थ्यो ।
११. पालिकाबाट औषधि खरिद टेन्डर आव्हान गरी औषधि उपलब्ध गराइएको छ। समग्रमा यो पूर्ण सत्य छैन, तर यसको विषयमा गम्भीर बन्नु पर्ने देखिएको छ।

### ५.५ समग्रमा दिइएका प्रश्नको उत्तरहरु

माथि उल्लेखित प्रश्नहरुको उत्तर जवाफदेहि व्यक्तिहरुले चित्त वुझ्दो तरिकाले नियम संगत तरिकाले दिएको छ । दिइएको उत्तरमा प्रश्नकर्ताले पुन प्रश्न गर्नु परेन । जवाफदेहि व्यक्तिको क्षेत्राधिकार भन्दा वाहिरको प्रश्नहरुको उत्तर सम्वन्धित निकाय वा व्यक्तिहरुसंग सोधपुछ र छलफल गरेर मात्र दिने प्रतिवद्धता जनाउ भएको छ ।

## ६.सार्वजनिक सुनुवाई कार्यक्रममा भएको उपस्थिति

आमचोक गाउँपालिकाको गाउँपालिका स्तरको उपस्थिति विवरण अनुसूचि ४ मा राखिएको छ

## ७.सार्वजनिक सुनुवाई गर्न अपनाइएका विधिहरु

सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्नको लागि सर्व प्रथम गाउँ कार्यपालिकावाट मिति तय भएको । सो पछाडी प्रश्न पत्र छपाई गरि गाउपालिकाका विभिन्न वस्तीका स्थानीय, राजनीतिक दल, सवै वडाका जनप्रतिनिधि, टोल विकास समिति, योजनाको उपभोक्ता समिति, सामुदायिक संस्था, शिक्षक, बुद्धिजीवि, पत्रकार लगायतलाई प्रश्नदाता वा जिज्ञासुहरुलाई वडा मार्फत वितरण गरिएको । ( प्रश्न पत्र वा नागरिक अभिमत अनुसूचि २ मा राखिएको छ । वडाहरु र गाउँपालिका मार्फत सार्वजनिक सुचना टाँस र पत्रचार गरि सरोकारवालाहरु सवैलाई स्थानको एकिन सहित आमन्त्रण गरिएको । कार्यक्रम सञ्चालनको विधि तथा प्रकृयाको वारे मोडुलेटरद्वारा जानकारी गराइएको । आचार संहिताको वारेमा सहायक सहजकर्ताद्वार जानकारी गराइएको( अनुसूचि ३ मा राखिएको छ) । वडा र गाउँपालिकाको तर्फवाट वर्षभरिमा गरिएको योजना कार्यक्रम र सेवाको विषयमा प्रस्तुतिकरण भइ जानकारी दिइएको । सो पछाडी सहजकर्ताद्वारा एक पटककमा ३/३ जना जिज्ञासु वा प्रश्नकर्ताहरुवाट प्रश्न लिइ जवाफदेहि व्यक्तिहरुद्वारा जवाफ माग गरिएको । पुन यहि तरिकाले ४ शेषन सम्म सञ्चालन गरिएको । सहजकर्ताको तर्फवाट धन्यवाद ज्ञापन र मन्तव्य सहित कार्यक्रमको अध्यक्षद्वारा सार्वजनिक सुनुवाइ कार्यक्रम समापन गरिएको ।

## ८.सार्वजनिक सुनुवाई कार्यक्रमबाट भएका सिकाईहरु

आर्थिक वर्ष २०८२/८३ को पहिलो र दोश्रो चौमासिकको गाउँपालिकास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रमवाट तपशिल वमोजिमको सिकाइहरु भएको छ ।

- संविधानले प्रदद्ध गरेको जनताको सूचनाको अधिकारको सहि सदुपयोग गर्ने थलो सार्वजनिक सुनुवाई कार्यक्रम रहेको पाइयो ।
- योजना सञ्चालन गर्दा कागजी प्रकृयाको साथै उपलब्धिमा प्रशासन सेवाले जोड दिनु पर्ने देखियो ।
- सार्वजनिक पद धारण गरेको व्यक्तिहरु शासक होइन सेवक हो भन्ने प्रमाण देखियो ।
- सेवा ग्राहिहरुले आफ्नो अधिकारको विषयमा अझै स्पष्ट नवुझेको पाइयो ।

## ९.सुझाव

समग्रमा हरेक चौमासिक र वार्षिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने गरेको छ । जुन सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै फराकिलो बनाउन स्थानीय स्तरमा सुचना प्रवाह गर्नु पर्ने देखिन्ट यस सगै निम्नलिखित सुझाव पेश गर्न चाहन्छौ ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझाव कार्यान्वयनको लागि छुट्टै टिम बनाउनु पर्ने ।

ग) स्थानीयको गुनासो अभिलेखीकरण गर्नुपर्ने ।

घ) सार्वजनिक कार्यक्रममा प्राप्त सुझावहरुलाई कार्यन्वन गर्न सके सेवा प्रवाहमा चुस्त दुरुष्ट र छिटो हुने ।

ङ) सुझावहरुलाई आगामी आर्थिक वर्षको नीति कार्यक्रम र वजेटमा समेटन सके अझै राम्रो हुने ।

**११.निष्कर्ष.**

गाउँ गापालिकालाई सेवाग्राहीप्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउन र नागरिकलाई सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई कार्यक्रम प्रभावकारी देखिएको छ । नागरिक एवम सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रमा राखेर अशल शासन तथा आगामि योजना बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि-१
## आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को पहिलो र दोश्रो चौमासिकको प्रगती विवरण

१ यस आवको योजना तथा कार्यक्रम संख्या २१६

२ उपभोक्ता समिती मार्फत सञ्चाल हुने योजनाहरुः ५३

३ बिपन्न नागरिक आवास कार्यविधि अनुसार कार्यन्वयन भएको योजना संख्याः ५६ वटा घरमा फुसको छानो हटाउने कार्यक्रमको सम्झता भइ ९ वटा सम्पन्न भएको

४ अनुगन गर्नु पर्ने योजनाहरु ४० अनुगमन गरिएको संख्या ८

५ अनुगमन समितिको वैठक संख्या ८

- कार्यपालिकाको वैठक संख्या ११ र कार्यपालिकाको निर्णय ११७
- खरीद समितिको वैठक संख्या १८
- मूल्यायाङ्कन समितिको वैठक स्ख्या १८

६ यस चौमासिकमा संसोधित कार्यविधि

- आमचोक गाउँपालिकाको विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१(कार्यपालिकावाट संसोधन मिति २०८२/८/२३)

७ ठेकका गरिएको योजनाहरु

- वालंखा वस्ति विकासको लागि भवन निर्माण रु.३ करोड ५१ लाख
- आमचोक गाउपालिकाको स्काभेटर खरीद रु १ करोड १९ लाख
- वडा नं ३ मा आधारभूत स्वास्थ्य सेवा केन्द्रभवन निर्माण ४१ लाख

८ यस चौमासिकमा सम्पन्न ठेकका कार्यहरु

- चिया प्रशोधन कारखाना
- कोल्ड स्टोर भवन निर्माण

९ हालसम्म संकलन भएको राजश्व रु २६,७१,२१२।

१० गाउँपालिकाको सवारी साधन संख्या

- मोटर साइकल २६ चालु अवस्था २०
- एम्वुलेन्स २ (चालु अवस्था १)
- ट्याकटर १ चालु
- पिकअप १ चालु
- ल्याण्डक्रुजर १ मर्मत
- ब्याकहोलोडर १ चालु

११ गाउँपालिकाद्वार गरिएको अन्य महत्व अन्य महत्वपुर्ण कार्यहरु

- नवपर्वर्तन साझेदारी कार्यक्रम अन्तर्गत मुख्य मन्त्री परिषदको कार्यालय र आमचोक गाउँपालिका वीच २ वर्षमा सम्पन्न हुने गरी किवि पकेट कार्यक्रमको लागि रु.२ करोडको सम्झौता भइ कार्यन्वयनमा आएको छ ।
- किवि पकेट कार्यक्रमको लागि समूहहरु गठन भएको । किवि पकेट कार्यक्रमको लागि विशेषज्ञ सेवाको लागि परामर्श दाता छनौट भएको छ । किवी नर्सरी व्यवस्थापन (उन्नत हेवार्ड जातको बेर्ना ग्राफ्टिङ प्रविधिबाट उत्पादन र प्रवर्द्धन) को लागि ४ वटा संस्थाहरु छनौट भइ कार्य भइरहेको छ ।

- आमचोक गाउँपालिकाकोखरीद योजना स्वीकृत भइ सोहि वमोजिम कार्यन्वयन भइरहेको
- परामर्श सेवा,फर्म,सप्लायर्स,विज्ञापन एजेन्सीहरुलाई सूचिकृत गरि सोहि मार्फत कार्य गरिरहेको
- न्यायीक समितिको लागि कानुनी परामर्श दाता छनौट भइ न्यायीक समितिको कार्यसम्पादन कानूनी सल्लाह र रायसुझाव सहित कारयन्वयन भइरहेको ।
- योजना किताव छपाई गरी सवै सरोकारवालाहरुलाई वितरण गरिएको ।
- गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई  छात्रवृति उपलव्ध गराइएको (सुम्नीमा वहुप्राविधिक विद्यायलमा  १ जना सिभिल  इन्जिनियर, र १ जना पशु तथा वाली विज्ञान तर्फ । नर बहादुर कर्मचार्य वहुप्राविधिक शिक्षालय,इटहरी होटल  म्यानेजमेन्ट संकाय तर्फ) - ९ जना र गत वर्षदेखिकव छात्रवृत्तिलाई निरन्तरता दिइएको छ ।
- विस्तृत वातावरणीय प्रतिवेदन तयारी गरी  (IEE) स्वीकृति  गरिएको । (श्रावण ४ गतेको कार्यपालिका वैठकवाट)
- वर्षातको समयमा सडकहरु मर्मत गरिएको ।
- विपन्न नागरिक उपचार कोषको लागि ७ जनालाई रु १ लाखको दरले सहयोग भएको
- ४०० उपभोक्ता समितिको सदस्य र सामुदायिक वनको पदाधिककारीलाई योजना सञ्चालन सम्वन्धी तालिम दिइएको
- वाढी पहिरो पीडीतहरुलाई राहत उपलव्ध गराइएको
- ४२ विपन्न परिवारलाई जनालाई उपचारको लागि र अन्य राहतकोको लागि आर्थिक सहायता उपलव्ध गराइएको
- औषधिहरु खरीद भएको छ । किटनासक औषधिहरु खरीद भएको छ ।
- ११ जना विद्यार्थिहरुलाई ४५ दिने लोकसेवा आयोग तयारी कक्षामा पठाइएको छ ।
- रिक्त दरवन्दिहरुमा प्रदेश लोकसेवा आयोगलाई कर्मचारी माग गरिएको छ ।
- व्यवसायिक फलफूल (आँप, लिची, भुइ कटहर, एभोकाडो, ड्रागन फ्रुट, रुख कटहर र केरा) खेती सञ्चालनको लागि ५ वटा कृषि समूह ,कृषि फर्म र सहकारी संस्थाहरु छनौट भइ कार्यन्वय भइरहेको छ ।
- चिया खेती र कफि खती सञ्चालनको लागि  ३ वटा चिया खेती र ५ वटा कफी खेतिको लागि  कृषक समूह/सहकारी संस्था/कृषि फर्महरुले छनौट भइ कार्य भइरहेको छ ।
- कृषि समूह ,कृषि फर्म र सहकारी संस्थाहरु मार्फत अदुवा/बेसार बालीको नयाँ पकेट विकास कार्यक्रम संचालन गर्नको लागी १२ वटा समूहहरु छनौट भइ कार्य भइरहेको छ ।
- गाउँपालिकाको वस्तुगत विवरण तयारीको संस्था छनौट भइ कार्य भइरहेको छ ।
- वालविवहा न्यनिकरण सम्वन्धी पर्चा पम्प्लेट छपाई गरी प्रत्येक घरधुरीहरुमा वितरणको वालक्लव सञ्जाललाई वितरण गरिएको छ ।
- आमचोक वडा नं ५ को वालस्थिति पत्र तयारी भएको छ ।
- गाउपालिका स्तरीय वालक्लव सञ्जाल पुनर्गठन भइ मासिक वैठक भइरहेको छ ।
- सोह्रदिवसिय महिला हिंसा विरुद्धको कार्यक्रम सञ्चालन भएको छ ।
- २ पटक वडा वडामा सामाजिक सुरक्षा भत्ता वितरण भएको छ ।
- लेखा प्रणालीमा पूर्ण इएफटी संचालन
- जिन्सी सफ्टवयर PAMS  को पूर्ण प्रयोग
- राजश्व सफ्टवयरको पूर्ण प्रयोग
- (सुत्केरी महिलाहरुलाई पूर्ण छुट सहित) एम्वुलेन्स सेवा संचालन
- हालसम्मको गाउँपालिकाको वित्तिय प्रगती ३९.०३

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि-२
## सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रश्नहरु
नागरिक प्रतिवेदन (Citizen Report Card)
( सन्तुष्टि वा असन्तुष्टि जनाउने )

उत्तरदाताको नाम र थर : ............................................जातजाति :-............................
लिङ्ग :- ( ) महिला ( ) पुरुष ( ) उमेरः-............
शिक्षा:-...................................... पेशा:-.................................
ठेगानाः....................................गापा/नपा, वडा नं:-. ......... सम्पर्क फोन नं:-..................

१. सेवाको सन्तुष्टि
१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?
सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )

२. सेवाको नियमितता
२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?
विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( )

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?
तिरेको छैन ( ) एकदमै कम ( ) धेरैतिरेको ( )

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेकोछ ?
१ दिन ( ) २ दिन ( ) धेरैदिन ( )

३. सेवाप्रतिको जनविश्वास
३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?
विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( )

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?
धेरै ( ) ठीकै ( ) गरेको छैन ( )

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?
धेरै( ) ठीकै ( ) विश्वास छैन ( )

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?
छ ( ) छैन ( ) अलिअलि थाहा छ ( )

४. सेवाको गुणस्तर
४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्ट ( ) कम सन्तुष्ट ( ) असन्तुष्ट ( )

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?
आफै ( ) गाउँका ठूलाबडाको ( ) मध्यस्थकर्ता ( )

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्यो ?
१ पटक ( ) २ पटक ( ) सो भन्दा वढी ( )

५. सेवा सम्बन्धी जानकारी
५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?
अति राम्रो ( ) ठीकै ( ) नराम्रो ( )

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?
छ ( ) आंशिक जानकारी छ ( ) कुनै जानकारी छैन ( )

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?
अति राम्रो ( ) ठीकै ( ) खासै राम्रो छैन ( )

प्रमुख प्रशासकीय अधिकृत

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?
२० प्रतिशत जति ( ) ५० प्रतिशत भन्दा माथि ( ) थाहा छैन ( )

५.५ परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ?
छ ( ) ठीकै छ ( ) प्रतिनिधित्व साह्रै कम छ ( )

६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा
६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?
धेरै ( ) कम ( ) गरेको छैन ( )

६.२ तपाईको विचारमा सेवाप्रदायकह?ले नागरिक बडापत्र अनु?प कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?
धेरै ( ) ठीकै ( ) अति कम ( )

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?
धेरै भएको छ ( ) ठीकै भएको छ ( ) भएकै छैन ( )

## प्रश्नावली भाग -२
## नागरिक प्रतिवेदन पत्र

१. सिफारिस सम्बन्धी
१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातह?को प्रष्ट जानकारी पाउनु भयो ?
पाएँ ( ) ठीकैपाएँ ( ) स्पष्ट पाइँन ( )

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्यो?
दिएँ ( ) थोरै दिएँ ( ) मागिएन र दिइएन पनि ( )

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?
आफैं ( ) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे( ) नेता /ठूलाबडा ( )

१.४ राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?
सबैसँग कर उठाउँछन्( ) सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् ( ) धेरै वक्यौता रहने गरेको छ ( )

२. पूर्वाधार तथा सरसफाई सम्बन्धी
२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?
राम्रो ( ) ठीकै( ) खराब ( )

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?
तुरुन्तै हुन्छ ( ) पटक पटक भनेपछि मात्रै हुन्छ ( ) जति भनेपनि हुन्न ( )

२.३ तपाईको विचारमा गाउँपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?
नियमित र राम्रो संग ( ) ठीकै गर्छ ( ) नियमित रुपमा गर्दैन ( )

२.४ तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?
राम्रो ( ) ठीकै( ) खराब ( )

२.५ सञ्चालन गरेका योजनाह ? कत्तिको प्रभावकारी छन् ?
प्रभावकारी छन्( ) ठीकै छन्( ) प्रभावकारी छैनन्( )

२.६ योजनाकोबिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?
सहज ( ) सहज ( ) ठीकै ( ) अप्ठयारो ( )

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकह?लाई रकम दिनुपर्छ ?
पर्दैन ( ) मागेरैलिन्छन्( ) रकम नदिए अप्ठ्यारो पार्छन्( )

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?
सजिलै पाइयो ( ) कहिले काँही पाइयो( ) माग गर्दा पनि पाइएन ( )

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?
सजिलै पाइन्छ ( ) सोधेपछि पाइन्छ ( ) सोधेपनि पाइदैन ( )

२.१० स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?
पालना भएको छ ( ) ठीकै पालना भएको छ ( )कत्ति पनि पालना भएको छैन ( )

२.११ योजना सञ्चालन गर्दा वडा/पालिकावाट कत्तिकोसहयोग पाउनु भएको छ ?
... ठीकै सहयोग पाएको छ ( ) निरुत्साहित गरिन्छ ( )

प्रमुख प्रशासकीय अधिकृत

३. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?

३.१ आर्थिक श्रोत कस्तो छ ?
आवश्यक श्रोत उपलब्ध ( ) कम श्रोत उपलब्ध ( ) अति कम श्रोत उपलब्ध ( )

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?
अति सरल ( ) ठीकै ( ) जटिल ( )

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?
आवश्यक सीप छ ( ) आवश्यकता भन्दा कम छ ( ) सीप निकै कम छ ( )

३.४ गाउँपालिकाकोआम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?
टाँसेको देखेकोछु ( ) कहिले काँही टाँसेको देखिन्छ ( ) खैकतै देखिएन ( )

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?
छ ( ) ठीकैमूल्यांकन हुने गरेको छ ( ) कहिले पनि भएको थाहा छैन ( )

३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्ट ( ) ठीकै( ) कुनै जानकारी छैन ( )

४. पारदर्शिता सम्वन्धी

४.१ गाउँपालिका अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?
१ वटा ( ) २ वटा ( ) कार्यक्रम बारे कुनै जानकारी नै छैन ( )

४.२ गाउँपालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?
धेरै ( ) कम ( ) भएकै छैन ( )

४.३ गाउँपालिकामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?
भएको छ ( ) अहिलेसम्म सञ्चालन भएकै छैन( ) कार्यक्रम बारे कुनै जानकारी नै छैन ( )

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ?
धेरै( ) ठीकै( ) कम ( )

४.८ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?
संयन्त्र बनेको छ ( )कुनै संयन्त्र बनेको छैन ( ) कुनै जानकारी नै छैन ( )

४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?
धेरै जानकारी पाएको छु ( ) ठीकै जानकारी पाएको छु ( ) कम जानकारी पाएको छु ( )

## अनुसूचि-३
## सार्वजनिक सुनुवाइ कार्यक्रमको आचार संहिता
### सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३ सहजकर्तालै बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४ सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्याउन जरुरी हुनेछैन ।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत


## अनुसूचि-४
## सार्वजनिक सुनुवाइ कार्यक्रमको फोटोहरु









आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

प्रशासकीय अधिकृत

आज मिति २०८२ चैत्र ९ गते सोमवारका दिन आमचोक गउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को पहिलो र दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम गाउँपालिकाको अध्यक्ष श्री अशोक राईको अध्यक्षतामा तपशिल वमोजिमको उपस्थितिमा संचालन गरियो ।

| सि.न. | पद | नाम | उपस्थिति |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री अशोक राई | [signature] |
| २. | उपाध्यक्ष | श्री सीता राई | [signature] |
| ३. | वडा अध्यक्ष वडा नं १ | श्री निम्नुरी शेर्पा | |
| ४. | का.वा.अध्यक्ष वडा नं २ | श्री दुर्गा वहादुर विष्ट | [signature] |
| ५. | वडा अध्यक्ष वडा नं ३ | श्री गोपाल राई | [signature] |
| ६. | वडा अध्यक्ष वडा नं ४ | श्री नेत्र बहादुर खत्री | [signature] |
| ७. | वडा अध्यक्ष वडा नं ५ | श्री राम प्रसाद राई | [signature] |
| ८. | वडा अध्यक्ष वडा नं ६ | श्री बम बहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष वडा नं ७ | श्री नविन राई | [signature] |
| १०. | वडा अध्यक्ष वडा नं ८ | श्री सन्तोष राई | [signature] |
| ११. | वडा अध्यक्ष वडा नं ० | श्री रोशन मगर | |
| १२. | वडा अध्यक्ष वडा नं १० | श्री बालदिप राई | |
| १३. | कार्यपालिका सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १४. | कार्यपालिका सदस्य | श्री सुजता प्रधान | |
| १५. | कार्यपालिका सदस्य | श्री भवानी विष्ट | [signature] |
| १६. | कार्यपालिका सदस्य | श्री मञ्जु भुजेल | [signature] |
| १७. | कार्यपालिका सदस्य | श्री गोविन्द परियार | [signature] |
| १८. | वडा सदस्य, वडा नं.-१ | श्री गंगा वहादुर विष्ट | |
| १९. | वडा सदस्य , वडा नं.-१ | श्री कला राई | |
| २०. | वडा सदस्य , वडा नं.-१ | श्री डम्वर वहादुर विष्ट | [signature] |
| २१. | वडा सदस्य , वडा नं.-१ | श्री निर्मला सार्की | |
| २२. | वडा सदस्य , वडा नं.-२ | श्री नवराज राई | [signature] |
| २३. | वडा सदस्य , वडा नं.-२ | श्री विष्णु कला राई | |
| २४. | वडा सदस्य , वडा नं.-३ | श्री गणेश बहादुर खत्री | |
| २५. | वडा सदस्य , वडा नं.-३ | श्री कुमारी राई | |
| २६. | वडा सदस्य , वडा नं.-३ | श्री संजय राई | संजयराई |
| २७. | वडा सदस्य , वडा नं.-३ | श्री कुमारी वि.क. | |
| २८. | वडा सदस्य , वडा नं.-४ | श्री निर्मला राई | |
| २९. | वडा सदस्य , वडा नं.-४ | श्री हर्क वहादुर कार्की | [signature] |
| ३०. | वडा सदस्य , वडा नं.-४ | श्री रमेश विष्ट | |
| ३१. | वडा सदस्य , वडा नं.-४ | श्री शुक्र माया विश्वकर्मा | शुक्र माया |
| ३२. | वडा सदस्य , वडा नं.-५ | श्री गोकुल बहादुर राई | |
| ३३. | वडा सदस्य , वडा नं.-५ | श्री गोविन्द बहादुर राई | |
| ३४. | वडा सदस्य , वडा नं.-५ | श्री कृष्ण कुमारी भुजेल परियार | |
| ३५. | वडा सदस्य , वडा नं.-६ | श्री पूर्ण वहादुर राई | |
| ३६. | वडा सदस्य , वडा नं.-६ | श्री वृखमाया वस्नेत | |
| ३७. | वडा सदस्य , वडा नं.-६ | श्री टेक वहादुर कार्की | |
| ३८. | वडा सदस्य , वडा नं.-६ | श्री मनिमाया विश्वकर्मा | |
| ३९. | वडा सदस्य , वडा नं.-७ | श्री लवसंग राई | |
| ४०. | वडा सदस्य , वडा नं.-७ | श्री भिम वहादुर मगर | भिम |
| ४१. | वडा सदस्य , वडा नं.-७ | श्री रत्न माया परियार | |
| ४२. | वडा सदस्य , वडा नं.-८ | श्री रविता मगर | रविता |
| ४३. | वडा सदस्य , वडा नं.-८ | श्री ओमा विश्वकर्मा | |
| ४४. | वडा सदस्य , वडा नं.-९ | श्री जीत वहादुर श्रेष्ठ | |

| सि.न. | पद | नाम | उपस्थिति |
|---|---|---|---|
| ४८. | वडा सदस्य , वडा नं.-१० | श्री गौतम राई | |
| ४९. | वडा सदस्य , वडा नं.-१० | श्री पदम माया कामी | पदम माया |

श्री विवेक राई:सहजकर्ता ( **प्रवन्धक** छुपलायु मिडिया प्रा.लि.भोजपुर).....................

## आमन्त्रित उपस्थिति विवरण

| क्र. सं. | दल/कार्यालय/संस्था | नाम | पद | उपस्थिति |
|---|---|---|---|---|
| १. | श्री नेपाली कम्यूनिष्ट पार्टी, गाउँ कमिटी, आमचोक | | | |
| २. | श्री नेपाली काङ्ग्रेस,गाउँ कार्यसमिति, आमचोक | | | |
| ३. | श्री नेपाल कम्युनिष्ट पार्टी एकिकृत माक्सवादी लेनिनवादी,गाउँ कमिटी, आमचोक | राजन विष्ट | जि. सदस्य | |
| ४. | श्री श्रम संस्कृती पार्टी, गाउँ कार्यसमिति, आमचोक | | | |
| ५. | श्री राष्ट्रिय स्वातन्त्र पार्टी, गाउँ कार्यसमिति,आमचोक | प्रकाश कु. विष्ट | गा.पा | |
| ६. | श्री आमचोक यातायात प्रा.लि.आमचोक | | | |
| ७. | श्री इलाका प्रहरी कार्यालय, बालंखा | इन्द्र पौड्याल | प्र.स.नि. | |
| ८. | श्री वन कार्यालय बालंखा | धर्म राज चौधरी | वन अधिकृत | |
| ९. | श्री हुलाक कार्यालय बालंखा | | | |
| १०. | प्र.चौ. कार्यालय | प्रदिप कुमार राय | प्र.ह | |
| ११. | मैनका राई | | | |
| १२. | कविराज खत्री | — | — | |
| १३. | | लोकबहादुर विष्ट | शिक्षक | |
| १४. | महेश्वर पराजुली | ने.क.पा माओवादी | जिल्ला सदस्य | |
| १५. | ध्रुव प्र. पराजुली | — | | |
| १६. | | | | |
| १७. | रोशन विष्ट | श्री कालिका प्रा.वि. आमचोक | शिक्षक | |
| १८. | मान्द्रे विष्ट | व्यवसाय | | |
| १९. | दल ब. विष्ट | " | | |
| २०. | अमर बहादुर विश्वकर्मा | — | | |
| २१. | दीपक राई | आमचोक फिया तयारी | | |
| २२. | महेश प्रसाद साह | इ.प्र.का. बालंखा | प्र.ह. | |
| २३. | सोम्पा राई | — | — | सोम्पा |
| २४. | हेम बा. ओलि | आमचोक १० | | |
| २५. | ~~हेमराज विश्वकर्मा~~ | | | |
| २६. | श्री चण्डेश्वर मा.वि. | हेमराज विश्वकर्मा | प्र.अ. | |
| २७. | फुलमाया विष्ट | — | — | फुल |
| २८. | ईश्वरा परियार | — | — | ईश्वरा |
| २९. | मिना माया परियार | — | — | मिना |
| ३०. | इन्दु बारा परियार | | | इन्दु |
| ३१. | | | | |

## आमचोक गाउँपालिकाको कर्मचारीहरुको उपस्थिति विवरण

| क्र. सं. | नाम | पद | जिम्मेवारी | उपस्थिति |
|---|---|---|---|---|
| ३४. | श्री धन कुमार राई | प्रमुख प्रशासकीय अधिकृत | पालिका स्तर | |
| ३५. | श्री महिनारायण चौधरी | जनस्वास्थ्य निरिक्षक | स्वास्थ्य शाखा प्रमुख | |
| ३६. | श्री विनोद खत्री | लेखा अधिकृत (अधिकृत स्तर छैठौं) | लेखा शाखा प्रमुख | |
| ३७. | श्री ज्ञान वहादुर राउत | शिक्षा अधिकृत (अधिकृत स्तर छैठौं) | शिक्षा शाखा प्रमुख | |
| ३८. | श्री गिरीराज पौडेल | सुचना प्रबिधि अधिकृत (सातौं) | सूचना प्रविधि शाखा प्रमुख | |
| ३९. | श्री विपन सुवेदी | इन्जिनियर | प्राविधिक शाखा प्रमुख | |
| ४०. | श्री दिपक  कार्की | रोजगार अधिकृत | रोजगार शाखा प्रमुख | |
| ४१. | श्री लोक चन्द्र राई | कृषि स्नातक करार | कृषि शाखा प्रमुख | |
| ४२. | अबिशेख मिश्र | जनश्वास्थ्य अधिकृत | स्वास्थ्य शाखा | |
| ४३. | श्री राजेश राई | कम्प्युटर अपरेटर(पाँचौ) | प्रशासन शाखा प्रमुख | |
| ४४. | श्री जनक व. राई | लेखासहायक (पाँचौ) | जिन्सि शाखा प्रमुख | |
| ४५. | श्री डम्वर चन्द | पशु से.प्रा स(पाँचौ) | पशुसेवा शाखा प्रमुख | |
| ४६. | श्री भीमलाल गिरी | सव-इन्जिनियर(पाँचौ) | प्राविधिक शाखा, वडा प्राविधिक वडा नं १० र ६ | |
| ४७. | श्री प्रमोद राई | सव-इन्जिनियर(पाँचौ) | प्राविधिक शाखा | |
| ४८. | श्री हाङिखम राई | सव-इन्जिनियर(पाँचौ) | प्राविधिक शाखा र वडा प्राविधिक वडा नं ५ | |
| ४९. | श्री महेश राई | एम आइ एसअपरेटर(पाँचौ) | एमआइएस शाखा प्रमुख | |
| ५०. | श्री दिक्पाल राई | रोजगार सहायक(पाँचौ) | रोजगार शाखा | |
| ५१. | श्री मुना राई | प्रशासन सहायक(चौथो) | महिला तथा वालवालिका शाखा प्रमुख | |
| ५२. | श्री मिनराज विष्ट | प्रशासन सहायक(चौथो) | योजना शाखा प्रमुख | |
| ५३. | श्री केशर श्रेष्ठ | एमआइएस सहायक(चौथो) | राजश्व शाखा प्रमुख र एमआइएस शाखा | |
| ५४. | श्री कैलास कुमार राउत | प्रशासन सहायक(चौथो) | वडा सचिव वडा नं १ | |
| ५५. | श्री द्वारिका गणेश | हे अ (चौथो) | वडा सचिव वडा नं २ | |
| ५६. | श्री भुवन डाँगी | कृषि नायव प्राविधिक सहायक (चौथो) | वडा सचिव वडा नं ३ | |
| ५७. | श्री हेमराज विष्ट | अहेव (पाँचौ) | वडा सचिव वडा नं ४ | |
| ५८. | चन्द्र वहादुर वानिया | प्रशासन सहायक(चौथो) | वडा सचिव वडा नं ५ | |
| ५९. | श्री सुरजमणि अधिकारी | प्रशासन सहायक(पाँचौ) | वडा सचिव वडा नं. -६ | |
| ६०. | श्री प्रशान्त आचार्य | ना.प्र.स.पशु (चौथो) | वडा सचिव वडा नं ७ | |
| ६१. | श्री ज्ञानदिप राई | प्रशासन सहायक(पाँचौ) | वडा सचिव वडा नं. -८ | |
| ६२. | श्री सरोज दास | प्रशासन सहायक ( पाँचौ) | वडा सचिव वडा नं. -९ | |
| ६३. | श्री केशब कुमार चौधरी | हे अ (पाँचौ) | वडा सचिव वडा नं -१० | |
| ६४. | श्री सेन्मुहाङ राई | सव-इन्जिनियर(पाँचौ) | रोजगार प्राविधिक र वडा प्राविधिक वडा नं १ र ३ | |
| ६५. | श्री सेन्मुहाङ राई | सव-इन्जिनियर(पाँचौ) | रोजगार प्राविधिकर  वडा नं १ र ३ वडा प्राविधिक | |

| क्र. सं. | नाम | पद | जिम्मेवारी | उपस्थिति |
|---|---|---|---|---|
| ६८. | मो.मिस्टर मन्सुरी | असिष्टेन्ट सव-इन्जिनियर(चौथो) | वडा प्राविधिक वडा नं ७ | |
| ६९. | श्री मिन विष्ट | असिष्टेन्ट सव इन्जिनयर(चौथो) | वडा प्राविधिक वडा नं ८ र ९ | |
| ७०. | श्री सिताराम नेपाल | ना.प्रा.स.पशु (चौथो) | वडा नं.९ थप वडा नं ८ र १० | |
| ७१. | श्री अमृता राई | ना.प्रा.स.कृषि(चौथो) | वडा नं.४ थप वडा नं २ र ३ | |
| ७२. | श्री नविन शाही | कृषि प्राविधिक सहायक (पाँचौ) | वडा नं.९ थप वडा नं ८ र १० | |
| ७३. | श्री सविता विष्ट | उद्यम विकास सहजकर्ता | उद्यम विकास शाखा र योजना शाखा | |
| ७४. | श्री सुरेश सुवेदी | सि.वि.आर.एफ. | वडा नं १,२,३, ,४ र १० | |
| ७५. | श्री कला तोलाङ्गे | सि.वि.आर.एफ. | वडा नं ५,६,७, ,८ र ९ | |
| ७६. | श्री सविना कवर | अपाङ्गता सहायक सहजकर्ता | अपाङ्गता शाखा | |
| ७७. | श्री असिम राई | ल्यान्डक्रुजर चालक | गाउँपालिका | |
| ७८. | श्री गंगा व.कार्की | एम्वुलेन्स चालक | गाउँपालिका | |
| ७९. | श्री लाल व.बस्नेत | व्याक्हो लोडर चालक | गाउँपालिका | |
| ८०. | श्री भरत कार्की | ट्रयाक्टर चालक | गाउँपालिका | |
| ८१. | श्री मनिराज कार्की | का.स . | गाउँपालिका | |
| ८२. | श्री बबिता बस्नेत | का.स . | गाउँपालिका | |
| ८३. | श्री प्रविना राई | का.स . | वडा नं.-१ | |
| ८४. | श्री कुमार खड्का | का.स . | वडा नं.-२ | |
| ८५. | श्री लोकनाथ राई | का.स . | वडा नं.-३ | |
| ८६. | श्री वल व.विश्कर्मा | का.स . | वडा नं.-४ | |
| ८७. | श्री हस्त व.तामाङ | का.स . | वडा नं.-६ | |
| ८८. | श्री समिक्षा राई | का.स . | वडा नं.-७ | |
| ८९. | श्री किसान राई | का.स . | वडा नं.-८ | |
| ९०. | श्री अनिता राई श्रेष्ठ | का.स . | वडा नं.-९ | |
| ९१. | श्री अजय राई | का.स. | वडा नं.-१० | |
| ९२. | श्री सन्तोष आचार्य | कृषि परामर्शदाता | गा.पा. | |

**जनसेवा अस्पताल**

| क्र. सं. | नाम | पद | उपस्थिति |
|---|---|---|---|
| १. | डा.रोषन झा | मेडिकल अधिकृत | |
| २. | श्री अमृत वानेम | सि अनमी निरिक्षक | |
| ३. | श्री निश्चल गुरुङ्ग | स्टाफ नर्स | |
| ४. | श्री मधुसुधन लोहनी | फिजियोथेरापी सहायक | |
| ५. | श्री भगवत कुमार यादव | ल्याव टेक्निसियन | |
| ६. | श्री सुस्मा राई | सटाफ नर्स | |
| ७. | श्री एलिसा राई | स्टाफ नर्स | |
| ८. | श्री शैलेश कुमार राय | वैद्य (अभियानकर्ता) | |
| ९. | श्री सविन श्रेष्ठ | मनोसामाजिक परामर्शकर्ता | |
| १०. | श्री शान्तिकला विश्वकर्मा | कार्यालय सहयोगी | |